# नगरप्रमुख श्री विष्णु प्रसाद भुसालले पन्ध्रौं नगरसभामा प्रस्तुत गर्नुभएको बार्षिक नीति तथा कार्यक्रम

## २०८१/०८२

कावासोती नगरपालिका

**कावासोती नगरपालिका**

**२०८१ साल असार ९ गते आइतवार**

नगर सभाका उपाध्यक्षज्यू,
सभाका सम्पूर्ण सदस्यज्यूहरु,
प्रमुख प्रशासकीय अधिकृतज्यू
राष्ट्रसेवक कर्मचारीहरु,
पत्रकार मित्रहरु,

**सभा उपस्थित सम्पूर्णमा स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना एवं विभिन्न समयमा स्वतन्त्रता र अधिकार प्राप्तिको लागि सहादत प्राप्त गर्ने ज्ञात अज्ञात शहिदहरु र कावासोती घटनाको मृतकहरु प्रति श्रद्धान्जली ब्यक्त गर्दछु । अब म गण्डकी प्रदेशको भित्री मधेशमा अवस्थित नवलपुर जिल्लाको सदरमुकाम पूर्वमा देवचुली नगरपालिका, पश्चिममा मध्यविन्दु नगरपालिका तथा हुप्सेकोट गाँउपालिका, दक्षिणमा नारायणी नदि(राष्ट्रिय निकुन्ज) पर्दछ । यस कावासोती नगरपालिका जिल्लाको मध्य भाग तथा जिल्ला सदरमुकाममा अवस्थित रहेको छ । गण्डकी प्रदेशको पोखरा महानगरपालिका पछिको ठूलो नगरपालिका हो । यस नगरपालिकाको जनसंख्या ८६ हजार भन्दा बढी रहेको छ,भने यहाँ बहुभाषिक, बहुसाँस्कृतिक आफ्नै पहिचान साथ रहेको समुदायहरु रहेका छन् । यस नगरपालिका धान, मकै, गहूँ, तोरी, दलहन उत्पादन तर्फ आत्मनिर्भर उन्मूख रहेको छ ।

यस नगरपालिकाले पशुपालन तथा मत्यपालन तर्फ  दुध उत्पादन माछा उत्पादनमा करिब १० करोड भन्दा बढीको विक्रि वितरण भएको जानकारी गराउदै, अब म आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

१. नगर गौरवका योजना अन्तर्गत रहेको रिङ्ग रोड यसै आर्थिक बर्ष भित्र ७५ प्रतिशत सडक सम्पन्न गरी सञ्चालनमा ल्याउने साथै यस गौरवको आयोजना  प्रथम जननिर्वाचित जनप्रतिनिधिको परिकल्पना अनुरुप सवारी साधन संचालनमा ल्याइने नीति लिएको छु ।
२. नगर भित्रका जेष्ठ नागरिकहरुको लागि घर दैलो स्वास्थ्य सेवा, सामाजिक सुरक्षा भत्ता समेत घर दैलोमा पुर्याउन बैङ्क तथा बित्तीय संस्थासंग समन्वय गरी संचालनमा ल्याइनेछ ।
३. यस नगरभित्रका घरबार बिहिन बिपन्न परिवारलाई पहिचान गरी घर निर्माण, खानेपानी तथा शौचालयको व्यवस्था गरिनेछ ।
४. शिक्षा क्षेत्रलाई अझ व्यवस्थित गरी सबैमा पहुँच हुने गरी व्यवस्थापन गर्दे विद्यार्थी संख्या कम भएका विद्यालयहरु, शिशु केन्द्र, साना कक्षाहरु संचालनमा ल्याइने साथै सो स्थान बाट नजिक भएका विद्यालयहरुलाई एकीकरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ र उच्च शिक्षा अध्ययन गर्नका लागि आर्थिक रुपमा बिपन्न भएका सीमान्तकृत, लोपोन्मुख तथा दलितहरुको लागि छात्रवृत्ति प्रदान गरिनेछ ।
५. धार्मिक एवं प्राकृतिक सम्पदाको रुपमा रहेका सम्पदाहरु खोज संरक्षण तथा उत्खनन् र व्यवस्थापन गर्नुका अतिरिक्त वडा नं. १४ मा रहेको कोट टाँडी थारु समुदायको राज्य संचालनको रुपमा रहेको हुदां त्यहाँ वाट

सञ्चालित अभिलेख सिक्का(रुपैया) पुरात्वत विभागमा रहेकोले यसै आ.व.मा पुरात्वत विज्ञ, समाजशास्त्री, भुगर्व विद्यहरुको सहभागीतामा अनुसन्धान खोज र संरक्षण गर्ने एवं १६औं सताब्दीमा स्थापना भएको कावासोती नगरपालिका वडा नं. १ मा अवस्थित महाराजा मन्दिरको पुजारी गुरौं रहेकोले मन्दिर व्यवस्थापन र संरक्षण गरिने साथै कुमारवर्ती माई गुठीका नाममा रहेका सम्पूर्ण जग्गा संरक्षण तथा आय व्ययको अभिलेख राखी खोजी गर्ने नीति रहेको छ।

६. यस पालिका भित्र रहेका विभिन्न घाटहरुको स्तरोन्नती तथा व्यवस्थापन गरिनेछ।

७. दुग्ध उत्पादन कृषकहरुलाई दिदै आएको अनुदानलाई निरन्तरता दिइनेछ। कृषि तथा पशुपालनको पौष्टिक आहार तथा उत्पादित दुग्धको गुणस्तर कायम गर्न चिस्यान केन्द्र तथा प्रशोधनको लागि वडा नं. १६ मा रहेको खाली ठाँउ खोज गरी भोगाधिकार लिई उद्योगको विकास गर्ने नीति रहेको छ। पौष्टिक आहारको लागि साइलेज घास लगाउने स्थानको खोजी गरी १० बर्ष सम्म भाडामा लिई व्यवस्थापन गरिनेछ।

८. कृषि क्षेत्र अन्तरगत माछापालन, भुरा उत्पादन तथा वितरण कार्यलाई व्यवस्थित फर्मको रुपमा संचालन गर्ने नीति रहेको छ।

९. मध्यविन्दु जिल्ला अस्पतालको प्रगति विवरण, समस्याका बारेमा अन्तरसंवाद गरी आय व्यय माग गर्ने र विगतमा दिदै आएको अनुदानलाई निरन्तरता दिइनेछ।

१०. यस नगरपालिका भित्रका पोखरी ताल, टरुवा ताल, बुढौली कुना, सिमसार तथा ताल र अन्य तालहरुलाई संरक्षण गरिनेछ।

११. शान्ति सुरक्षाको लागि जिल्ला प्रहरी कार्यालयसगं समन्वय तथा सहकार्य गरी वडा नं. १६, १५ र १ मा प्रहरी पोष्ट संचालनमा सहयोग गरिनेछ।

१२. नगरपालिका र अन्तर्गत आवश्यक पर्ने नगर प्रहरी लगायत थप जनशक्ति व्यवस्थापन गरिनेछ।

१३. नगर गौरवको योजना संचालन सम्पन्न गर्न सरोकारवाला निकायसंग समन्वय र व्यवस्थापन गरिनेछ र यस नगरपालिका भित्र रहेका रंगशाला, खेल मैदान र खेल विधामा रहेका स्थानहरु क्रमश पहिचान तथा व्यवस्थापन गरिनेछ।

१४. यस नगर भित्र संचालित खानेपानीको व्यवस्थापन गर्न खानेपानी बोर्ड गठन गरी खानेपानी सम्वन्धी कार्यविधि अनुरुप नगरपालिकामा आवद्ध गरिनेछ।

१५. केरुङ्गे खोला उत्खनन्, व्यवस्थापन र प्रशोधन गरी नगर गौरवको रुपमा कोरिडोर र बृक्षारोपण वडा नं. १ देखि १५ सम्म गरिनेछ।

१६. बढ्दो जलबायु परिवर्तनले पानीका मुहानहरु सुक्दै गएकोले हात्तीखोर क्षेत्रको नम्वरी जग्गाहरु र हुप्सेकोट गाउँपालिकासगं समन्वय गरी करिव १०० विघा क्षेत्रफलको ताल निर्माण गरी पर्यटन क्षेत्र, पानी संरक्षणको लागि नेपाल सरकार, योजना आयोग, विदेशी दात्री संस्थाहरुको सहकार्यमा ताल निर्माण कार्य अगाडी लैजान आवश्यक समन्वय गरी प्रक्रिया अगाडि बढाइनेछ।

१७. उज्यालो कावासोती निर्माणका लागि राजमार्ग तथा अन्य क्षेत्रहरुमा सडक बत्ती जडानका लागि विद्युत प्राधिकरण तथा उज्यालो नेपाल संस्थासंग समन्वय गरी कार्य अगाडी बढाइने नीति रहेको छ।

१८. रिर्टनी माईग्रेट फेडरेसन, नेपाल सरकार, नगरपालिकाको विचमा लागत सहभागिता गरी निर्माण सम्पन्न तथा संचालनमा ल्याउने नीति रहने छ।



कावासोती नगरपालिका

१९.कावासोती नगरपालिका राजश्व सुधार कार्ययोजना प्रतिवेदनलाई पूर्ण रूपमा कार्यान्वयन गर्ने सन्दर्भमा करको दरमा बृद्धिमा भन्दा दायारा वढाउने नीतिलाई प्राथमिकतामा जोड दिइनेछ।

२०.सम्पति कर र मालपोत भूमि करमा आ.व. ०८१/०८२ को पौष मसान्त भित्र कर बुझाउने करदातालाई लाग्ने करमा १० प्रतिशत र चैत्र मसान्तभित्र कर बुझाउने करदातालाई लाग्ने करमा ५ प्रतिशत छुट दिइनेछ। घरजग्गा बहाल करलाई परिमार्जन गरिने साथै राजश्वको दायरा विस्तारका लागि सम्बन्धित कार्यालय तथा सरोकारवाला संस्था सँगको सहकार्यमा करदाता शिक्षा कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ।

२१.प्राकृतिक स्रोत र साधनको समुचित प्रयोग र व्यवस्थापन गरी राजश्व बृद्धि गरिनेछ। राजश्व सम्बन्धी नीति तथा कानुन निर्माण गर्दा नीजि व्यवसायी उद्यमी नागरिक समाज सहित सरोकारवालासँगको समन्वयमा कार्य गरिनेछ ।

२२.नगरपालिकाको राजश्व प्रशासनलाई चुस्त, सरल, प्रविधिमैत्री एवं करदातामैत्री बनाउनको लागि राजश्व प्रशासनमा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्नको लागि नियमित तालिम सञ्चालन गरिनेछ।

२३.नगरपालिकाभित्र विगत देखि सञ्चालनमा रहेका तर नगरपालिकामा दर्ता हुन बाँकी व्यवसायलाई पुष मसान्त भित्र नगरपालिकामा दर्ता हुन आएमा यस अगाडि दर्ता नभए वापत लाग्ने जरिवानाको ५० प्रतिशत छुट गरी दर्ता गरिनेछ।

२४.एकल महिला, अपाङ्गता, लोपोन्मुख, सिमान्तकृत समुदायका उद्यमीहरूलाई प्रोत्साहित गर्दै व्यवसाय दर्ता शुल्कमा छुटको व्यवस्था दिइनेछ।

२५.नियमित रूपमा राजश्व भुक्तानी गर्ने करदाताहरूमध्ये उत्कृष्ट करदाताहरूलाई सम्मान गर्ने नीति लिइनेछ।

२६.नगरपालिकाको राजश्व प्रशासनलाई चुस्त, सरल, प्रविधिमैत्री एवम् करदातामैत्री बनाई अधिकतम कर सहभागिता सुनिश्चित गरिनेछ। साथै विद्युतीय भुक्तानी प्रणाली ( E-Payment) लाई प्रभावकारी बनाइ Online राजश्व भुक्तानी सम्बन्धी सचेतनाका लागि audio/visual निर्माण गरी सचेतना अभिवृद्धि गरिनेछ।

२७.नगरपालिकाका कर्मचारीहरुको नेतृत्व विकास तथा राजस्व सम्बन्धी तालिमको व्यवस्था गरिने छ।

२८.महिला वालवालिका तथा समाजकल्याणको लागि नगर लक्षित समुदाय महिला, आदिवासी, जनजाती, दलित सिमान्तकृत महिला, द्धन्द्ध पिडित महिला र एकल महिला, अपाङ्ग व्यक्ति,ज्येष्ठ नागरिकलाई प्राथमिकता दिनेगरि सेवा प्रवाह गरिनेछ।

२९.यस पालिका भित्रका पर्यटन क्षेत्र, प्रवेशद्धार पहुँच सडक, पर्यटकलाइ सुरक्षित आवास अभिलेखिकरण संख्याको दैनिकी नगरपालिका बेव साइटमा राखिनेछ साथै यस आ.व.मा पर्यटन बोर्ड, प्रदेश, स्थानीय कर जिम्मेवारी तोके अनुसारको सुरक्षा व्यवस्थामा सेवा शुल्क सम्बन्धी ऐनमा नबाझिने गरि लागु गरिनेछ।

३०.खाली स्थानका जग्गाहरु संरक्षण गर्न सरोकारवालासंग समन्वय गर्ने नीति रहने छ।

३१.पालिकाको राजस्व वृद्धी गर्न दर रेट परिमार्जन र व्यवस्थापन गर्ने गरिनेछ।

३२.सिमसार क्षेत्र अतिक्रममा भएकोले वार्ड नं १ देखी १७ सम्मका जलश्रोत नीति तथा संघ प्रदेशसंग सहकार्य गरिनेछ।



कावासोती नगरपालिका

३३.नगरका मापदण्ड पुगेका नगरपालिका परिसर क्षेत्र,पेटी, सडक, पुर्व पश्चिम राजमार्ग दाया बाँया क्षेत्र स्वास्थ्य कार्यालय तथा विद्यालय क्षेत्रमा ढल,पार्क, पेटी को सुधार गर्ने नीति रहेको छ।

३४.विश्व बैंक, एशियाली विकास बैंक संग सहकार्यमा र नगरको विकासको लागी ऋण सम्झौता गर्ने नीति रहनेछ।

३५.कृषी क्षेत्रमा नगरको सहमती पल्टिङ्ग गरी खाद्य संकट हुन सक्ने हुदा पुर्व स्वीकृत गरि मात्र मापदण्ड अनुसार अनुमति दिने नदिने अधिकार नगरपालिकामा रहने छ।

३६.विद्यालय पोषण कार्यक्रम अन्तरगत दिवा खाजालाई यो आ.व. मा पनि निरन्तरता दिइनेछ।

३७.समग्र नगरको विकास गर्ने निती अनुरुप जनप्रतिनिधीज्यूहरुलाई दोहोरो जिम्मेवारी कार्यपालिकाले संचालन ऐन कार्यविधी वाहेक नराख्ने नीति लिइनेछ।

३८.मानव बन्यजन्तु द्वन्द्ध न्यूनिकरणका विगतका योजनाहरुको भूक्तानीका लागि निश्चित मापदण्ड बनाइनेछ।

३९.नेपालको संविधान २०७२ ले स्वास्थ्य सेवा सम्बन्धी मौलिक हकको बारेमा जानकारी सहित नगरले सोही अनुसार स्वास्थ्य सम्बन्धी सेवालाई निरन्तरता दिदै विपन्न नागरिक र सुत्केरीलाई पोषण सम्बन्धी सामग्री निशुल्क वितरण गर्ने नीति रहने छ।

४०.कृषि समुह फर्म तथा सहकारीले प्राप्त गर्ने सिंचाई मिटरमा लाग्ने शुल्क सम्बन्धी कार्यबिधी बनाई व्यवस्था गर्ने एवं कावासोती भित्रका किसानहरुलाई किसान कार्ड उपलब्ध गराइने र अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ।

४१.कक्षा नर्सरीदेखि १० सम्मका विद्यार्थीहरुलाई नेपाली र अङ्ग्रेजी माध्यमका पाठ्यपुस्तक नि:शुल्क रुपमा उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ।

४२.शैक्षिक बर्ष २०८० मा गरिएको कक्षा ५ को सिकाइ उपलब्धी परीक्षण नतिजा प्रतिवेदनका आधारमा प्राथमिक तहको नतिजा सुधारका लागि विद्यालय भौतिक पुर्वाधार, शिक्षकको पेशागत क्षमता विकास, शैक्षिक सामाग्री, अभिभावक सचेतना, शिक्षक तथा विद्यार्थी प्रोत्साहनमा जोड दिने गरी तीन वर्षे प्राथमिक तह सुधार सघन कार्यक्रम सञ्चालन गरिनेछ।

४३.विषेश शिक्षा सञ्चालित विद्यालयका कक्षा, आवास, शिक्षक क्षमता विकास, विद्यार्थीलाई आवश्यक पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीको उपलब्धता तथा सहज सिकाइ वातावरण निर्माणका लागि प्राथमिकता दिइनेछ।

४४.राष्ट्रपति खेललाई नगरको गरिमाको रुपमा सञ्चालन गर्न थप प्राथमिकता दिइनेछ। नगरमा सञ्चालन हुने राष्ट्रपति लगायत विभिन्न खेलकुद प्रतियोगिता सकेसम्म सबै विधाहरु समेट्ने गरी सञ्चालन गरिनेछ। साथै खेल सञ्चालन कार्यविधि तयारी र खेलकुद क्यालेण्डर निर्माण गरी समयवद्ध रुपमा सञ्चालन गरिने छ। आधारभूत विद्यालय तहदेखि नै उमेर समूह अनुसार खेल सञ्चालन गर्ने नीति लिइनेछ।

४५.सामाजिक गणित र विज्ञान विषयको नतिजामा सुधार ल्याउन पठन पाठन विधि, पुर्वाधार, मुल्याँकन अभ्यास, शैक्षिक सामाग्री, विषयगत शिक्षकको व्यवस्थापन तथा क्षमता विकास एवम् विद्यार्थी शिक्षक प्रोत्साहनका कार्य मार्फत देखिने गरी सुधारका कार्यमा प्राथमिकता दिइनेछ।



कावासोती नगरपालिका

४६.राष्ट्रिय तथा प्रादेशिक मापदण्डको सापेक्षतामा नगरले विद्यालय समायोजन कार्यविधि निर्माण गरी सामुदायिक विद्यालयहरु मर्ज गरिनेछ । विद्यालय वर्गीकरण कार्यलाई प्राथमिकता साथ कार्यान्वयन गरिनेछ। संस्थागत तथा सामुदायिक विद्यालयहरुले लिने र पाउने सुविधाहरु यसकै आधारमा हुनेछ।

४७.एक विद्यालय एक विषयगत ल्याव निर्माण गर्न, संघ र प्रदेशबाट स्टिम ल्याव निर्माण गर्न वजेट नपरेका विद्यालयहरुलाई प्राथमिकता रहने गरी माध्यमिक र आधारभूत तहलाई वजेटको व्यवस्था गर्दै लगिनेछ।

४८.नगरभरीका सामुदायिक विद्यालयका बाबुनानीलाई समय तालिका अनुसार सिकाउने गरी गायन, नृत्य, चित्रकला, खेल र स्थानीय पेशा व्यवसायको सीप भएका जनशक्तिलाई करार तथा अतिथि प्रशिक्षकको रुपमा परिचालन गर्ने अभ्यास गर्न आवश्यकता र सम्भाव्यता अध्ययन लिइनेछ।

४९.यस अघि विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थासँग सहकार्य गरी सिकेका असल अभ्यासलाई अवका दिनमा अपनत्व ग्रहण गरी अगाडि बढाइनेछ।

५०.विद्यार्थी संख्याको आधारमा दरबन्दी मिलान गरी शिक्षकहरुको पुनर्व्यवस्थापन गरिनेछ।

५१.प्र.अ. व्यवस्थापन र एउटै विद्यालयमा पाँच वर्ष वा सो भन्दा बढी सेवा गरेका शिक्षकहरुको सरुवालाई प्रभावकारी रुपले लागू गरिनेछ।

५२.शैक्षिक गुणस्तर अभिवृद्धिका लागि यस आ.व. बाट कक्षाकोठा भित्रको सिकाई केन्द्रीत क्रियाकलाप सञ्चालन गरी अनुगमन कार्यलाई थप प्रभावकारी बनाइनेछ।

५३.विद्यालय नर्स कार्यक्रमलाई शुरुवात गर्न यस वर्षबाट एक हजार विद्यार्थी वा सो भन्दा बढी विद्यार्थी भएका विद्यालयहरुमा विद्यालय नर्स कार्यक्रम सञ्चालन गरिने छ र अन्य विद्यालयमा पायक पर्ने र अन्य स्वास्थ्य संस्थाहरुसँग सहकार्य गरी विद्यार्थीहरुको नियमित स्वास्थ्य परीक्षण कार्यक्रम अगाडि बढाइनेछ।

५४.नगर भित्रका परम्परागत विद्यालयलाई प्रोत्साहन एवम् प्रबर्धन गर्दै संरक्षणको नीति लिइनेछ।

५५.पठन संस्कृतिको विकास गर्न सामुदायिक पुस्तकालयको व्यवस्थापन र प्रयोगमा जोड दिइनेछ।

५६.मानसिक स्वास्थ्य बिना शारीरिक स्वास्थ्य अपूर्ण रहने भएकाले शिक्षक, विद्यार्थी, अभिभावक लक्षित योगा तथा ध्यान कार्यक्रम सञ्चालन गरी संतुलित जीवन व्यवस्थापनको ज्ञान र सीप दिइनेछ।

कावासोती नगरपालिका